१७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २५१ ॥ २०८२ कातिक २५ गते मंगलबार (11th Nov 2025 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## प्रादेशिक अस्पतालमा चोरको विगविगी

# एक कर्मचारीसहित तीन पक्राउ



झापा(प्रस) । भद्रपुरमा रहेको प्रादेशिक अस्पतालमा चोरको विगविगी देखिएको छ । अस्पतालमा काम गर्ने कर्मचारीको मिलेमतोमा लाखौंको सामान चोरी भएको हो । वर्षौंदेखि अस्पतालबाट विभिन्न सामान हराउँदै गएपछि प्रहरी अनुसन्धानका क्रममा अस्पतालकै कर्मचारीको मिलेमतोमा चोरी भइरहेको खुलेको हो । विभिन्न सामानहरु हराउँदै गएपछि प्रहरीले अनुसन्धान थालेको थियो । त्यसक्रममा अस्पतालमा काम गर्ने स्वीपर भद्रपुर नगरपालिका वडा नं.१० बस्ने ३० वर्षीय सुरज जमदारको मिलेमतोमा चोरी गर्ने भद्रपुर नगरपालिका वडा नं.६ बस्ने ३७ वर्षीय रन्जित घोष र मेचीनगर नगरपालिका वडा नं.७ बस्ने २८ वर्षीय विश्वनाथ राजवंशीसमेत पक्राउ परेका छन् । कात्तिक ३ गते अन्दाजी दिउँसो २ बजे प्रादेशिक अस्पताल भद्रपुरको पुरानो भवनको सर्जिकल वार्डको बाहिरि भागबाट किचन गाईनो वार्डको ओ.पि.टी हुँदै ओ.टी.बाहिरसम्म अक्सिजन सप्लाई गर्न जडान गरेको तामाको पाईप घोषले चोरी गरेका थिए । त्यस घटनाको अनुसन्धानको क्रममा घोष सोमवार पक्राउ परेका हुन् ।

त्यस्तै कात्तिक १८ गते अन्दाजी दिउँसो १:३० बजे प्रादेशिक अस्पतालको गाइनो वार्डको पहिलो तलाबाट अक्सिजनको पाइप स्वीपर जमदारले चोरी गरिरहेको अवस्थामा त्यस कार्यालयको सीसीटिभी फुटेजमा देखिएको थियो । सोही प्रमाणको आधारमा जमदारलाई आइतवार पक्राउ गरिएको हो ।

त्यस्तै कात्तिक २२ गते राति अन्दाजी ११ बजे प्रादेशिक अस्पतालको औषधी स्टोर रुमभित्रबाट राजवंशीले मेथाडोल नामक झोल औषधी चोरी गरेका थिए । सीसीटिभी फुटेजको प्रमाणको आधारमा राजवंशीलाई आइतवार पक्राउ गरिएको हो । मुलुकी अपराध संहिता २०७४ अन्तर्गत चोरी कसुरमा उनीहरुलाई जिल्ला अदालतबाट सोमवार पहिलो पटकलाई ५ दिन म्याद लिइ अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । खड्काले उनीहरुबाट ३ केजी तामाको पाइप बरामद भएको जानकारी दिएका छन् ।

## जेनजीहरुले बिर्तामोडमा फहराए राष्ट्रिय झण्डा

झापा(प्रस) । बृहत एकता आव्हानको सन्देशसहित राष्ट्रिय झण्डा बोकेर जेनजीहरुले बिर्तामोडमा शान्ति पदयात्रा निकालेका छन् ।

विभिन्न दल र समूहमा आबद्ध भएका जेनजी र युवालाई एकीकृत हुन आह्वान गर्दै जेनजी युनाइटेड मुभमेन्टको अगुवाईमा बिर्तामोडमा र्‍याली निकालिएको हो । बिर्तामोडको सिटीसेन्टरबाट शुरु भएको र्‍यालीले बिर्तामोड बजार



परिक्रमा गरेको थियो ।

नगर परिक्रमापश्चात् पुनः सिटीसेन्टरमा पुगेर कोणसभामा परिणत भएको थियो । "रगत, आँशु र आशाबाट जन्मिएको पुस्ताले अब राष्ट्र एकताको नयाँ अध्याय लेख्नेछ ,हामी सबै नेपालीको एउटै सपना, सहिदको रगत खेर नजाओस्" जस्ता नारा लेखिएका प्लेकार्ड र नेपालको राष्ट्रिय झण्डासहित र्‍याली निकाली बजार परिक्रमा गरेको थियो । र्‍याली पुनः सिटी सेन्टर अगाडि आई सडक नाटकसहित कोणसभामा परिणत भएको थियो । कोणसभालाई संबोधन गर्दै केन्द्रीय वक्ता सदिच्छा राईले देशको वर्तमान परिस्थिति परिवर्तनको लागि सुरुमा सडकमा गएर राखिएका मागहरू अहिले भिन्न-भिन्न भएको बताउँदै आन्दोलनकारीहरू विभिन्न समूह र दलहरूमा विभाजित भइरहेको गुनासो गरिन् । 'जुन नेपालीहरूको वास्तविक माग थिएन र साँचो परिवर्तनको आशा निराशामा बदलिएको छ ' उनले भनिन् ।

साँचो परिवर्तन ल्याउन र सहिदहरूको सपना एवं घाइतेहरूको साहसलाई साकार पार्न सबैमा एकताको भावना जाग्नुपर्ने र एकताबद्ध भएर अगाडि बढ्नुपर्ने उनको भनाई थियो ।

त्यस्तै झापाकी अगुवा अन्जना राईले यो अभियान कुनै राजनैतिक र संस्थागत नभएको भन्दै स्वतःस्फुर्त र स्वतन्त्ररुपमा अभियान संचालन भइरहेको जानकारी दिइन् । भाषण गर्न र चुनाव लड्नको लागि जेनजी जन्मिएको हैन , जनताको कुण्ठित भएको आवाज बोल्न, सार्वभौम अधिकार र सहिदको सपना साकार पार्न राष्ट्रको आवाज भएर जेनजी जन्मेको उनले बताइन् ।

त्यस्तै झापाका अर्का अगुवा राकेश राईले जेनजी आन्दोलन केवल सामाजिक संजाल बन्द भएर नभएको बताउँदै देशमा भएको भ्रष्टाचार ,कुरीति,कुसंस्कार ,बेरोजगार र बेथिति आदिले चरम सीमा नाघेपछि जेनजी आन्दोलन शुरु भएको बताए ।

राष्ट्रिय झण्डा र विभिन्न नारा लेखिएका प्लेकार्ड बोकेका सहभागीहरुको संख्या करिव २ सय रहेको थियो । जेनजीहरुले प्रदर्शन गर्ने भनेपछि बिहानदैखि बिर्तामोडमा बाक्लो संख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको थियो ।

# ५९ करोड बढीको तरकारी आयात

• लक्ष्मी उप्रेती



मेचीनगर । नेपालमा माग अनुसारको ताजा तरकारी उत्पादन नहुँदा करोडौं रुपैयाँ बाहिरिने गरेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा काँकरभिट्टा नाकाबाट मात्र ५९ करोड १८ लाख ५२ हजार रुपैयाँ मूल्य बराबरको तरकारी आयात भएको हो । नेपाली उत्पादन महँगो हुँदा वा उत्पादनले नपुगेर अभाव हुँदा भारतसहित विभिन्न मुलुकबाट नेपालमा तरकारी आयात हुने गरेको छ । नेपालाई कृषि प्रधान देश भनिए पनि कृषिजन्य वस्तुको लागि परनिर्भर बन्नु परेको छ। अहिले हरेक नेपालीको भान्सामा पाक्ने दाल, चाम र तरकारीदेखि जाँड बनाउने कोदोका लागि पनि नेपालले भारतकै मुख ताक्नु परेको छ ।

पूर्वी नाका काँकरभिट्टाबाट कृषिजन्य वस्तुहरु अलैंची, चिया, अदुवा र अम्रिसोको निर्यात बढिरहेका बेला तरकारी ठूलो मात्रामा आयात हुने गरेको सरकारी तथ्याङ्क छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाको अभिलेख अनुसार यो अवधिमा १९ करोड ४६ लाख १ हजार चार सय २५ किलो ताजा तरकारी आयात हुँदा कार्यालयले भने ११ करोड ९५ लाख ९१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । चालु आवको तीन महिनाको अवधिमा आयात भएका मुख्यः दश वटा वस्तुहरुमध्ये तरकारी पाँचौ नम्बरमा रहेको छ । तरकारी आयातबाट राजस्वमा योगदान दुई दशमलव ८८ प्रतिशत रहेको कार्यालयको अभिलेखले देखाएको छ ।

सरकारले ताजा तरकारीका लागि हरेक वर्ष प्राथमिकता दिँदै आएको भएपनि पर्याप्त उत्पादन नहुँदा तरकारीका लागि समेत परनिर्भर बन्नु परेको हो । प्रदेश र स्थानीय सरकारले पनि ताजा तरकारी उत्पादन कार्यक्रम प्राथमिकतामा राख्नुपर्ने कृषि विज्ञ टेकेन्द्र प्रधानको सुझाव छ । सरकारले किसानलाई प्राथमिकता दिए उत्पादन बढाएर निर्यात प्रतिस्थापन गर्न सकिने उनको भनाई छ ।

नेपालमा उन्नत बीउ विजन उत्पादन गर्न नसक्दा तरकारीका लागि करोडौं रुपैयाँ बाहिरिने गरेको छ । चिली, इटाली, अस्ट्रेलिया, चीन, जापान, दक्षिण कोरिया, भारत, ताइवान, थाइल्यान्ड, अमेरिकाबाट बन्दा, काउली तथा ब्रोकाउली, मुला र गोलभैंडाको बीउ आयात हुने गरेको छ । यहाँ बीउ उत्पादन गर्ने सम्भावना भएता पनि सरकारले हरेक वर्ष तीन खर्बभन्दा बढीको कृषिजन्य वस्तुको आयात गर्दै आएको छ । अस्ट्रेलिया, चिली, चीन, जापान, इटाली, दक्षिण कोरिया, न्यूजील्याण्ड, थाइल्यान्ड, अमेरिकाबाट बन्दाको बीउ आयात हुन्छ भने थाइल्याण्ड, तान्जानिया, लेबनान, मदागास्कर, क्यानडा, रोमानिया, टर्की, ब्रजिल, मोजाम्बिक, दक्षिण अफ्रिका, भेनेजोलिया, इथेयोपिया, मालावीसम्मका तरकारी नेपालमा आयात गरिन्छन् ।

भारतबाट रातो बन्दा र अन्य बन्दा आयात हुने गरेको छ । अहिले नेपाली किसानहरु उत्पादित तरकारीले लागत मूल्य नपाएको भन्दै चिन्तित छन् । भारतबाट आएको तरकारीले स्थानीय तरकारीको मूल्य प्रभावित गरेको नेपाली तरकारी व्यवसायीहरुको आरोप छ । यस नाकाबाट निर्वाध रुपमा भारतको तरकारी आउने गरेको व्यवसायीको भनाई छ । नेपालको उत्पादनले नपुगेपछि विदेशबाट दैनिक उपभोग्य वस्तु आयात भइरहेको बताउँछन् नेपाली अधिकारीहरु ।

नेपालको आन्तरिक उत्पादनले नपुगेपछि आयात गर्नुको विकल्प नभएको एकजना सरकारी अधिकारीले बताए । नेपालमै उत्पादन गर्न सकिने वस्तु पनि आयात गरेर खानु परेको अवस्था छ । यसका लागि उत्पादन बढाउनु आवश्यक रहेको छ । विदेशीले निर्यात रोकेमा नेपालीहरुले आफ्नै उत्पादन उपभोग गर्ने र नेपालको उत्पादन नै बजारमा आउने दावी एक तरकारी व्यवसायीको छ ।

## गतिशील लोकतान्त्रिकले पायो दल दर्ताको प्रमाणपत्र



झापा(प्रस) । गतिशील लोकतान्त्रिक पार्टीले निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र पाएको छ । दलले दीप ज्योती चुनाव चिन्ह आयोगबाट पाएको छ ।

बुद्ध एयरका कार्यकारी अध्यक्ष रहेका वीरेन्द्रबहादुर बस्नेतसहितको संलग्नतामा खुलेको यो दलका अध्यक्षमा दिनेशराज प्रसाई रहेका छन् ।

उनीहरुले गत असोज ३० मा दल दर्ताका लागि आयोगमा निवेदन दिएका थिए ।

गतिशील लोकतान्त्रिक पार्टी (गलोपा) ले आफ्नो पहिलो अवधारणा केही दिनअघि भैरहवामा सार्वजनिक गरेको थियो ।




# अग्रसेन भवनको अध्यक्षमा रमेशकुमार अग्रवाल



झापा(प्रस) ।झापाको विर्तामोडमा रहेको सामाजिक संस्था अग्रसेन भवनको आगामी तीनवर्षे कार्यकालका लागि नयाँ कार्यसमिति चयन भएको छ ।

सोमबार अग्रसेन भवनको दोस्रो तलाको वातानुकुलित नवनिर्मित सभाकक्षमा आयोजित २६ औं साधारणसभा तथा १० औं अधिवेशनबाट रमेशकुमार अग्रवालको अध्यक्षतामा १२ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

संस्थामा पहिलो चरणमा १२ जना सदस्य चयन हुने र चयन भएका सदस्यहरुबाट सहमतिमा पदाधिकारी चयन हुने प्रावधान अनुसार नयाँ समिति चयन भएको निर्वाचन समितिका प्रमुख निर्वाचन आयुक्त भाष्कर शर्माले जानकारी दिए ।

समितिको उपाध्यक्षमा दिपेन्द्रकुमार अग्रवाल, सचिवमा सुजित वंशल, सहसचिवमा मांगीलाल जिन्दल र कोषाध्यक्षमा सुशीलकुमार अग्रवाल चयन भएका छन् भने सदस्यहरुमा शिवकुमार अग्रवाल, इन्द्रभन्द विन्दल, जगदीशप्रसाद मित्तल, मनोज गोयल, पंकजकुमार मित्तल, मनोज बजाज र मनिष साहेवाला चयन भएका छन् । आवश्यक संख्यामा एक-एकजनाको मात्र उम्मेद्वारी दर्ता भएकोले कार्यसमिति सर्वसम्मत निर्वाचित भएको घोषणा गरिएको प्रमुख निर्वाचन आयुक्त शर्माले जानकारी दिए ।

१५ सदस्यीय रहने कार्यसमितिमा दुईजना सदस्य अध्यक्षले मनोनित गर्नेछन् भने वर्तमान अध्यक्ष निवर्तमान अध्यक्षको हैसियतले कार्यसमितिमा रहनेछन् ।

अध्यक्ष सुरेशकुमार अग्रवाल 'भद्रपुरे'को अध्यक्षतामा सचिव दिपेन्द्रकुमार अग्रवालले सञ्चालन गरेको साधारणसभा तथा अधिवेशनको नेपाल राष्ट्रिय मारवाडी परिषदका केन्द्रीय सदस्य राजेन्द्रकुमार अग्रवालले उद्घाटन गरेका थिए । समारोहमा अध्यक्ष भद्रपुरेले आफ्नो कार्यकालमा भएका कार्यक्रम तथा प्रगति प्रस्तुत गरेका थिए भने सहसचिव सुजित वंशलले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष सुशीलकुमार अग्रवालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही अवसरमा अग्रसेन भवनअन्तर्गत रहेका बालाजी मन्दिर र श्याम मन्दिरको आर्थिक प्रतिवेदन पनि प्रस्तुत गरिएको थियो । सभाले सबै प्रतिवेदन पारित गरेको थियो ।

सो अवसरमा भवनले विभिन्न किसिमका सहयोगदाता, भवनका संस्थापक-संरक्षक एवम् पूर्व अध्यक्षहरुलाई सम्मान गरेको थियो ।

# मिनाको निर्णायक गोलमा पुलिस महिला गोल्डकपको च्याम्पियन

बिर्तामोड(प्रस) ।झापाको शिवसताक्षीस्थित दुधे रंगशालामा सम्पन्न झापा महिला गोल्डकपको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । सोमबार भएको फाइनलमा पुलिसले विभागीय प्रतिद्वन्द्वी एपिएफ फुटबल क्लबलाई १-० ले पराजित गर्दै उपाधि उचालेको हो ।

खेलको सुरुवातमै दुवै टोली आक्रामक लयमा मैदान उत्रिएका थिए । खेलको तेस्रो मिनेटमा पुलिसकी पूजा रानाले पेनाल्टी बक्सबाहिरबाट दिएको सटिक क्रसमा मिना देउवाले पेनाल्टी एरियाबाट गरेको प्रहार एपिएफकी गोलकिपर अञ्जना राना मगरले बचाइन् । पाँचौँ मिनेटमा एपिएफले पनि गोलको अवसर बनाएको थियो तर कप्तान अनिता बस्नेतको क्रसमा निशा थोकरले गरेको प्रहार पोस्टमाथि जान पुग्यो ।

२० औँ मिनेटमा पुलिसकी रेखा पौडेलले एपिएफका दुई डिफेन्डरलाई बिट गर्दै गरेको सट अञ्जनाले बचाइन् । तर, २२ औँ मिनेटमा पुलिसले खेलमा अग्रता बनायो । रेखाले पेनाल्टी बक्सभित्र गरेको सट डिफेन्डरमा लाग्दै फर्किएको बल पेनाल्टी एरियामा अनमार्क रहेकी मिना देउवाको सामु पुग्यो । मिनाले गोलकिपरलाई कुनै मौका नदिई बल जालीभित्र पठाउँदै पुलिसलाई १-० को अग्रता दिलाइन् ।




३३ औँ मिनेटमा एपिएफकी कप्तान अनिताले बराबरीको सुनौलो मौका गुमाइन् । अनिता केसीले दिएको भलि क्रसमा उनले नजिकैबाट गरेको सट पोस्टको दिशा समात्न सकिनन् । त्यसपछि ३८ औँ मिनेटमा सविता रानालाई लडाइएपछि एपिएफले फ्रिकिक पायो तर कप्तान अनिता बस्नेतको सट पुलिसकी गोलकिपर उषा नाथले बचाइन् ।

पहिलो हाफको अन्तिम मिनेटमा रेखा पौडेलको सट पोस्टको छेउबाट बाहिरियो । मिना देउवाले सेन्टर एरियाबाट तीन खेलाडीलाई बिट गर्दै रेखालाई पास दिएकी थिइन् ।

दोस्रो हाफमा पनि खेल बराबरीको गतिमा अघि बढ्यो । ६२ औँ मिनेटमा रेखा पौडेलको आक्रामक रन रोक्ने क्रममा एपिएफकी डिफेन्डर मनमाया दमाईले फाउल गरेपछि पहेँलो कार्ड पाउँदा पुलिसले फ्रिकिकको अवसर पायो । कप्तान अमृता जैशीले फ्रिकिकबाट गोलको प्रयास गरेकी थिइन् तर बल पोस्टबाट बाहिरियो ।

८४ औँ मिनेटमा एपिएफले बराबरीको अर्को मौका गुमायो । रश्मी घिसिङले पेनाल्टी बक्स बाहिरबाट रेनुका नगरकोटीलाई पास दिएकी थिइन् तर रेनुकाको प्रहार गोलपोस्ट नजिकबाट बाहिरियो । ८९ औँ मिनेटमा पनि रश्मीको आक्रामक सटलाई पुलिसकी गोलकिपर उषा नाथले बचाइन् ।

अन्ततः खेलको २२ औँ मिनेटमा मिना देउवाले गरेकी गोल नै पुलिसको जितको आधार बन्यो । नेपाल पुलिस क्लबले १-० को जितसहित उपाधि हात पार्दै ऐतिहासिक सफलता हासिल गऱ्यो ।

उपाधिसँगै पुलिसले नगद १० लाख १० हजार रुपैयाँ, मेडल र ट्रफी पायो । उपविजेतामा सीमित एपिएफले नगद ५ लाख रुपैयाँ प्राप्त गर्‍यो ।

फाइनलपछि आयोजित पुरस्कार वितरण कार्यक्रममा सर्वोत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्ताको दुवै उपाधि पुलिसकी मिना देउवाले हात पारिन् । उनले प्रतियोगिता अवधिभर ७ गोल गर्दै गोल्डकपकी टप स्कोरर बनेर २५ हजार र सर्वोत्कृष्ट खेलाडी बन्दै १ लाख ५० हजार रुपैयाँ प्राप्त गरिन् ।

प्लेयर अफ द म्याचको उपाधि पुलिसकी पूजा रानाले जितिन् । अन्य उत्कृष्ट पुरस्कार विजेताहरूमा उत्कृष्ट गोलकिपर उषा नाथ (पुलिस), उत्कृष्ट डिफेन्डर मनमाया दमाई (एपिएफ), उत्कृष्ट मिडफिल्डर रेनुका नगरकोटी (एपिएफ), उत्कृष्ट फरवार्ड अनिता बस्नेत (एपिएफ), उत्कृष्ट प्रशिक्षक भोला सिलवाल (पुलिस) र उदीयमान खेलाडी जेनिफर राना मगर (आर्मी) बने । सबै उत्कृष्ट विजेताले समान २५ हजार रुपैयाँ प्राप्त गरे।

विजेता तथा उपविजेतालाई गोल्डकपका अध्यक्ष सन्तोष थोप्रा, प्रमुख अतिथि शिवसताक्षी नगरप्रमुख मेगाहाङ थोप्रा, झापा गोल्डकपका अध्यक्ष केदार गिरी, अन्तर्राष्ट्रिय झापाली समाजकी उपाध्यक्ष सीता पाण्डेलगायतले पुरस्कार वितरण गरेका थिए ।

# भौतिक पुनर्निर्माण कोषमा ७ करोड ५२ लाख जम्मा

झापा(प्रस) । जेनजी आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरुत्थान, राहत र पुनर्स्थापनाका लागि स्थापना गरिएको कोषमा सात करोड ५२ लाख रुपैयाँ जम्मा भएको छ ।

आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देशभरीका सरकारी तथा सार्वजनिक भवनको विस्तृत इन्जिनियरिङ डिजाइन तयार गरी पुनर्निर्माणको प्रतिवेदन तयार गर्न साढे तीन करोडरुपैयाँ विनियोजन गरिएको छ ।

शहरी विकास तथा भवन निर्माण विभाग र संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयमार्फत कार्यान्वयन हुने कार्यक्रमका लागि क्रमशः दुई करोड र साढे एक



गठित भौतिक पुनर्निर्माण समितिको बैठक सोमबार अर्थमन्त्री रामेश्वर खनालको अध्यक्षतामा बसेको थियो ।

बैठकले कोषमा जम्मा भएको रकम क्षतिग्रस्त सार्वजनिक संरचनाको विस्तृत इन्जिनियरिङ डिजाइन तयार गरी पुनर्निर्माणको प्रतिवेदन तयार गर्न, सार्वजनिक संरचनाको तत्काल मर्मतसम्भार गरी सेवा चालू गराउन र आर्थिक पुनरुत्थान, राहत र पुनर्स्थापनाका कार्यक्रममा खर्च गर्ने निर्णय गरेको छ । विस्तृत इन्जिनियरिङ डिजाइन तयार गरी पुनर्निर्माणको प्रतिवेदन तयार गन करोड रुपैयाँ विनियोजन गरिएको छ । त्यस्तै, सोही विभागबाट कार्यान्वयन हुने गरी सार्वजनिक संरचनाको तत्काल मर्मतसम्भार गरी सेवा चालू गराउन दुई करोड रुपैयाँ विनियोजन गरिएको छ ।

संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट कार्यान्वयन हुने गरी सार्वजनिक संरचनाको तत्काल मर्मतसम्भार गरी सेवा चालू गराउन एक करोड रुपैयाँ विनियोजन गरिएको छ । विभागमार्फत आर्थिक पुनरुत्थान, राहत र पुनर्स्थापनाका कार्यक्रममा सञ्चालन गर्न ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

# साँघुरा सडक सवारी व्यवस्थापनमा चुनौती बन्दै

मेचीनगर(प्रस) । ट्राफिक प्रहरी पोष्ट काँकरभिट्टाले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा १४ लाख रुपैयाँ बढी राजस्व संकलन गरेको छ । प्रहरी वरिष्ठ नायव निरीक्षक रमेशकुमार धमलाका अनुसार चालु आवको साउनदेखि असोज महिनाको अन्त्यसम्म सवारी नियम उल्लंघन गर्ने एकजार चारसय १७ वटा सवारी साधनलाई कारवाहीस्वरुप १४ लाख २९ हजार रुपैयाँ पोष्टले राजस्व संकलन गरेको हो ।

सवैभन्दा बढी चालु आवको शुरुवाती साउन महिनामा छ सय २२ वटा सवारी साधन कारवाहीमा परेका थिए । त्यसवापत छ लाख चार हजार रुपैयाँ राजस्व संकलन भएको थियो । ट्राफिक प्रहरीले सवारी नियम उल्लंघन गर्ने सवारी साधनका चालक, सहचालक र परिचालकलाई धमाधम कारवाही गर्न थालेपछि काँकरभिट्टा क्षेत्रमा सवारी उल्लंघन कम हुदैं गएको पोष्टले जनाएको छ । ट्राफिक प्रहरीले त्यस्ता सवारी साधनमा कडा निगरानी बढाएलगत्तै भदौं महिनामा त्यो संख्या क्रमशः घटेर पाँचसय ४४ मा झरेको पोष्टले जनाएको छ । कारवाही संख्या घटेपछि राजस्व समेत कम हुने गरेको छ । भदौं महिनामा सवारी नियम उल्लंघन गर्ने सवारीका साधनबाट कारवाही स्वरुप पाँच लाख ६५ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

असोज महिनामा दुई सय ५१ वटा सवारी साधन कारवाही गर्दा दुई लाख ६० हजार रुपैयाँ राजस्व संकलन भएको छ । साउन महिनामा बस २६, ट्रक ८३, कार, जीप, भेन तीनसय ९८, मोटरसाइकल ५१, ट्र्याक्टर एउटा अटो टेम्पो ६३ गरी कुल छ सय २२ वटा सवारी साधन कारवाहीमा परेका थिए । भदौमा बस छ, ट्रक एकसय ८४, कार, जीप, भेन तीनसय चार, मोटरसाइकल २३, ट्र्याक्टर एउटा अटो टेम्पो २६ गरी कुल पाँच सय ४४ र असोजमा ट्रक एकसय ८१, कार, जीप, भेन तीनसय ६३, मोटरसाइकल एउटा, अटो टेम्पो छ गरी कुल दुई सय ५१ वटा सवारी साधन कारवाहीमा परेको पोष्टले जनाएको छ ।

खासगरी, ट्राफिक प्रहरीको मुख्यः काम राजस्व संकलनभन्दा पनि सामान्य तथा विशेष परिस्थितिमा समेत ट्राफिक प्रहरीले सवारी व्यवस्थापन गरी विद्यमान ऐन नियमको पालना गराउनुका साथै सवारी नियम उल्लंघनकर्ताहरुलाई जरिवाना गराउने, सडक दुर्घटनाको प्रभावकारी अनुसन्धान , घाइतेको उद्धार गरी पीडितलाई न्यायमा सहजीकरण गर्ने गर्दछ । यस्तै हराएका सवारी साधन तथा मालसमानहरुको खोजतलास गर्नुका साथै ट्राफिक जनचेतनाको अभिवृद्धिसहितको ट्राफिक व्यवस्थापन सम्बन्धी सूचना प्रवाह गर्नुका साथै यात्रुको सुरक्षित एवम् मर्यादित यात्रा गर्न पाउने अधिकार सुनिश्चित तथा सडक सभ्यता कायम गरी दुर्घटना न्यूनीकरणका लागी सम्पूर्ण प्रयास गर्नु ट्राफिक प्रहरीको महत्वपूर्ण कार्यभित्र पर्दछ ।

ट्राफिक प्रहरी पोष्टले मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउने चालकलाई समेत कडा कारवाही गरेको छ ।

ट्राफिक प्रहरीले चाडपर्वका बेला वा अन्य समय मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउने चालकलाई कडा कारवाही गरेको हो । त्यसका लागि ठाउँठाउँमा सवारी चालकहरुको चेकजाँचको व्यवस्था गरिएको थियो । तीन महिनामा पोष्टले मादक पदार्थ सेव गरी सवारी चलाउने एकसय ५६ जना चालकलाई कारवाही गरेको छ । सो वापत पोष्टले एकलाख दुई हजार पाँच सय रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ । सबै यातायातका चालकलाई मादक पदार्थ सेवन नगरी सवारी चलाउन सचेत गराउँदैं त्यसो नगरिए प्रहरीले कडा कार्वाही गर्ने पनि बताइएको छ । ट्राफिक प्रहरीले पछिल्लो समय नियमित राजमार्ग चेकिङ, छड्के चेकिङ तथा ग्रामीण सडकमा हुने चेकिङ कारण पनि सवारी नियम उल्लंघनका घटना कम भएको बताएको छ । साथै सडक दुर्घटना न्यूनीकरणमा समेत सहयोग पुगेको छ । काँकरभिट्टा क्षेत्रमा तीन महिनामा सवारी दुर्घटनामा परी एकजनाको ज्यान गएको छ । पोष्टको अभिलेख अनुसार सो अवधिमा १३ वटा सवारी दुर्घटना भएका थिए ।

ट्राफिक प्रहरीको उपस्थिति रहेको ठाउँमा पुग्दा सवारी चालकहरूले ट्राफिक नियमको पालना गर्ने भए पनि प्रहरीको दृष्टिबाट उम्किएपछि नियम उल्लंघन गर्ने गरेको पाइएपछि काँकरभिट्टा ट्राफिकले ग्रामीण क्षेत्रमा समेत चेकिङ बढाएको थियो । ट्राफिक प्रहरी नभएको स्थानहरूमा चालक तथा यात्रुहरूको लापरबाही गर्ने, ट्राफिक शिक्षाको कमी, सवारी चालक अनुमति पत्र प्राप्त नगरेकाहरूले पनि सवारी चलाउने जस्ता कार्यहरू निरुत्साहित गर्ने गरी ट्राफिक प्रहरी खटिएको भनाइ छ । यस्तै, मादक पदार्थ सेवन गरी सवारी चलाउने, हेलमेट नलगाई सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु राख्ने, छतमा तथा झुण्डिएर यात्रा गर्ने लगायतका लापरबाही नियन्त्रण भएको बताइएको छ ।

तर पनि, दिन प्रतिदिन बढ्दै गएको जनसंख्या तथा सवारी चाप, सवारी व्यवस्थापनमा प्रविधिको अभाव , सीमित साँघुरा सडकहरू, सवारी नियम तथा ट्राफिक संकेत सम्बन्धी सडक प्रयोगकर्ताहरुमा रहेको ज्ञानको कमी र ज्ञान भएकाहरुबाट समेत ट्राफिक नियमको उल्लंघन गर्ने प्रवृतिका कारण देशभरको ट्राफिक व्यवस्थापन गर्ने कार्य जटिल एवम् चुनौतिपूर्ण बन्दै गएको प्रहरी अधिकारीहरुको भनाई छ ।

सार्वजनिक यातायात क्षेत्रमा अस्वस्थ एवम् अवैज्ञानिक प्रतिस्पर्धा रहेका कारण सवारी व्यवस्थापनमा चुनौती थपिँदै गएको छ । सडक र यातायातसँग सम्बन्धित पक्षले यस्ता चुनौतीलाई अवसरका रुपमा लिएर यातायात क्षेत्रको विकासलाई उच्च प्राथमिकता प्रदान गरी समयमै अल्पकालीन तथा दिर्घकालीन कार्य योजना तयार गरी कार्यान्वयन गरिनु अति आवश्यक भएको छ ।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | GLI 0230016202 | पवित्रा भुर्तेल | बिर्तामोड-झापा |
| २. | GLI 0230013078 | मनप्रसाद भट्टराई | दमक-झापा |


# रास्वपाले बनायो उम्मेदवार छनोट मापदण्ड

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फको उम्मेदवार आह्वानसँगै छनोट प्रक्रिया अगाडि बढाएको छ ।

कात्तिक २१ र २२ गते चितवनको सौराहामा सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकले सहमहामन्त्री विपिनकुमार आचार्यले प्रस्तुत गरेको उम्मेदवार छनोट रुपरेखामा आधारित भएर उम्मेदवारी आह्वान गरेको थियो । उम्मेदवार छनोट कार्यतालिका केही दिनमा सार्वजनिक गरिने आचार्यले जानकारी दिए ।

आफूहरूले बनाएको उम्मेदवार छनोट प्रक्रियाले गलत व्यक्ति देश सञ्चालनमा पुग्ने अवस्था निरुत्साहित हुने उनले विश्वास व्यक्त गरे ।

'हामीले प्रशासनमा सामान्य कर्मचारी छनोट गर्दा विभिन्न मापदण्ड बनाएर छनोट गर्छौं भने देश सञ्चालन गर्न जाने व्यक्ति छनोट मापदण्ड बनाउनैपर्छ', उनले भने, 'पुराना पार्टीहरूले मापदण्डमा ध्यान नदिँदा देशको अवस्था यस्तो भएको हो । हामीले बनाएको उम्मेदवार छनोट मापदण्डले गलत व्यक्ति चुनिने कुरा निरुत्साहित हुने विश्वास लिएका छौँ ।'

उनका अनुसार उम्मेदवार छनोटका मापदण्ड स्पष्ट र मापनयोग्य हुनेछन् । यी मापदण्डहरूलाई निर्वाचन प्रणालीका आधारमा कारक मूल्याङ्कन विधि (फ्याक्टर रेटिङ मेथड) अनुसार अंकभार दिइनेछ र प्रत्येक मापदण्डका सूचकहरूमा प्राप्ताङ्कको समष्टिले उम्मेदवार छनोट गरिनेछ । केन्द्रीय समितिले अनुमोदन गरेको विशेष अवस्थामा बाहेक उम्मेदवार क्लब, लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी, समावेशिता र प्रारम्भिक निर्वाचन मूल मापदण्डका रूपमा अनिवार्य उनले स्पष्ट पारे । प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन इच्छुक पार्टी सदस्यहरूले उम्मेदवार क्लबमा सहभागी हुनुपर्नेछ । उम्मेदवार क्लबका लागि आवेदन, योग्यता परीक्षण, अभिलेखीकरण आदि व्यवस्था उम्मेदवार छनोट प्रक्रिया र विधान बमोजिम हुनेछ । उम्मेदवार क्लबमा आवेदन दिन अनलाइन र अफलाइन दुवै माध्यम उपलब्ध हुने आचार्यले बताए । रास्वपाबाट उम्मेदवार बन्ने आकांक्षीले आवेदन शुल्क पचास हजार तिर्नुपर्ने बताए । 'हाम्रो पार्टीको तर्फबाट उम्मेदवारका आकांक्षीले संविधान, कानुन र पार्टीले बनाएको मापदण्ड पूरा गरेको हुनुपर्छ । यी सबै प्रक्रिया पूरा गरेका व्यक्तिले ५० हजार रुपैयाँ आवेदन शुल्क तिर्नुपर्छ,' उनले भने, 'यदि शुल्क तिर्न नसकिने स्पष्ट कारण खुलाएर निवेदन दिएमा त्यस्ता व्यक्तिको हकमा निःशुल्क व्यवस्था पार्टीले मिलाउँछ ।'

यसअघि कात्तिक १७ गतेका लागि रुपन्देही-३ मा घोषणा (प्रतिनिधिसभा विघटनपछि रद्द) गरिएको प्रतिनिधिसभा उपनिर्वाचनको हकमा रास्वपाले २५ हजार सेवा शुल्क तोकेको थियो ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,झापा जिल्ला,शिवसताक्षी न.पा.वार्ड नं.-५मा बस्ने श्री उधो ताजपुरीयाकी छोरी,श्री नछत लाल ताजपुरीयाकी पत्नी,श्री चिटाङ्गी ताजपुरीयाको मिति वि.सं.२०८२/०६/१३गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शिवगंन्जमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोराहरु हरेन ताजपुरीया र पदम प्रसाद ताजपुरीयाले मिति वि.सं.२०८२/०६/३०मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, जिल्ला पाँचथर,फिदिम नगरपालिका वार्ड नं.-३मा बस्ने श्री टिकाराम लिलामी सुनुवारका छोरा,श्रीमती एममाया लिलामी सुनुवारका पति, श्री रामबहादुर लिलामी सुनुवारको मिति वि.सं.२०८२/०४/२८गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय फिदिममा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती एममाया लिलामी सुनुवारले मिति वि.सं.२०८२/०७/१३मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.



## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, झापा

### सम्पूर्ण शेयर सदस्यहरुका लागि सूचना

सूचना प्रकाशन मितिः २०८२।०७।२५ गते

आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. विर्तामोड-५, झापाको पाँचौ कार्यकालका लागि सञ्चालक समिति अध्यक्ष १, उपाध्यक्ष १, र ७ जना सदस्यहरु तथा लेखा सुपरीवेक्षण समितिमा १ संयोजक र २ सदस्यहरुका लागि तपशिल अनुसारको मिति, समय र स्थानमा निर्वाचन हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरु ज्यूहरुको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०८२/०८/०८ | ११:०० बजे | मतदाता नामावली प्रकाशन |
| २०८२/०८/०९ | ११:००-१:०० बजे | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| २०८२/०८/०९ | ४:०० बजे | अन्तिम नामावली प्रकाशन |
| २०८२/०८/१० | ११:००-३:३० बजे | उम्मेदवारी दर्ता |
| २०८२/०८/१० | ४:०० बजे | उम्मेदवारको नामावली प्रकाशन |
| २०८२/०८/११ | १२:००-२:३० बजे | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०८२/०८/१२ | ४:०० बजे | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| २०८२/०८/१५ | १२:००-४:३० बजे | मतदान कार्यक्रम |
| मतदान समाप्तपछी | मतगणना | |
| मतगणना समाप्तपछी | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण | |

नोटः उम्मेदवारको योग्यताका लागि निर्वाचन सम्बन्धी कार्यविधीमा व्यवस्था भएको हुँदा उम्मेदवार बन्न इच्छुक सदस्य ज्यूहरुले संस्थाको मुख्य कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

बालकृष्ण चम्लागाई
- संयोजक निर्वाचन उपसमिति

आबद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड
फोन नं. ०२३५३५३९५, www.aabaddha.coop.np


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# दलहरु नसुध्रिने भए

जेनजी आन्दोलन भएको दुई महिना पूरा भएको छ । नेताहरुको गलत संस्कारकै कारण सो आन्दोलन भएको हो । त्यत्रो विध्वंश खेप्नु पर्दा समेत ती पुराना राजनीतिक दलका नेताहरुको मति फिरेको जस्तो लाग्दैन । जुन कुरा मधेसमा मुख्यमन्त्री नियुक्तिमा देखिएको घिनलाग्दो कर्तुतले सावित गरिदिएको छ । मधेश प्रदेशको प्रमुख सुमित्रा सुवेदीलाई पदबाट हटाउने निर्णय सरकारले गरेको छ।
मन्त्रिपरिषद् बैठकले उनलाई पदबाट हटाउने निर्णय गरेको एक मन्त्रीले बताए।
गत शनिबार मधेश प्रदेशको मुख्यमन्त्री पदबाट जितेन्द्रप्रसाद सोनार (सोनल)ले राजीनामा दिएपछि सोमबार बिहान ४ बजे बर्दिबासको पानस होटल प्रदेश प्रमुख भण्डारीले एमालेका सरोजकुमार यादवलाई संविधानको धारा १६८ को उपधारा (३) बमोजिम नियुक्त गरी पद तथा गोपनीयताको शपथ खुवाएकी थिइन् ।यसपछि उनी विवादमा तानिएकी थिइन् ।

सोमबार विहान प्रदेश प्रमुखलाई स्वास्थ्यमा समस्या आएको खबरपछि विहान ४ बजेतिर निवर्तमान मुख्यमन्त्री सोनार प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको सरकारी निवासमा पुगेर पुष्पगुच्छासहित बिदाइ गरे। यता, महोत्तरीको बर्दिबासस्थित एक होटेलमा प्रदेश प्रमुख भण्डारीले मुख्यमन्त्री नियुक्त गरिन्। उनले होटलमै सपथसमेत गराइन्।

त्यसपछि सांसदहरू तोडफोड उत्रिए। मधेश सरकारका मुख्यमन्त्री सरोज कुमार यादवको नियुक्ति असंवैधानिक भएको भन्दै राजधानी जनकपुरधाम अस्तव्यस्त बन्यो। विहान ४ बजेदेखि तातिएको राजनीति अबेर साँझसम्म पनि उस्तै रह्यो। यादवलाई मुख्यमन्त्री पदमा नियुक्त गरेपछि जनकपुरधामस्थित मधेश भवनमा सांसदसहित विभिन्न दलका नेता र नेता समर्थित निर्माण व्यवसायी र ठेकेदारहरूले असंवैधानिक नियुक्तिको विरोध गर्दै टायर बालेर प्रदर्शन गरे।

मधेस भवनमा प्रवेश गर्ने क्रममा प्रहरीलाई हातपात गर्नेदेखि कर्मचारी कुट्नेसम्मको अमर्यादित काम भयो। मधेश भवनमा प्रवेशमा रोक्दा लोकतान्त्रिक समाजावादी पार्टीकी सांसद रुपा कुमारी यादवले एक प्रहरीलाई अपशब्द प्रयोग गर्दै हात नै हालिन्। यता, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गएर नेपाली कांग्रेसका सांसद वीरेन्द्र सिंहले झण्डा फालेको भिडियो सार्वजनिक भयो। मुख्यमन्त्रीको कार्यालयमा मधेश प्रदेशका पूर्व सांसद तथा लोसपा नेता परमेश्वर साह र धनौजी गाउँपालिकाका अध्यक्षका प्रत्यासीसमेत रहेका जीवेन्द्र झाले कर्मचारीमाथि हात पात गरे। मुख्यमन्त्री कार्यालयका एक कर्मचारीले कम्प्युटर तथा मोनिटर बचाउन खोज्दा साह र झा दुवैले मुक्का प्रहार गरे। यो चर्तिकला देखाउने दलका नेताहरुले आगामी निर्वाचनमा ठेगान लगाउनै पर्छ ।






# डिजिटलमैत्री कक्षाकोठा



• वसन्त आचार्य

शिक्षकबिना कक्षाकोठाको शैक्षिक क्रियाकलाप अगाडि बढ्न सक्दैन । हाम्रो परीक्षा प्रणाली पनि यही प्रवचनात्मक शिक्षण प्रणालीको सन्निकट छ । सैद्धान्तिक कुरा मज्जाले घोक्न सक्यो भने मात्रै परीक्षा पास गर्न सकिन्छ । अहिले शिक्षण पद्धतिका नयाँ नयाँ अभ्यास विकसित हुँदै गइरहेका छन् । विभिन्न शिक्षाविद्ले प्रभावकारी शिक्षणका नयाँ नयाँ सूत्र पत्ता लगाइरहेका छन् । उनीहरूले पत्ता मात्रै लगाएका छैनन्, त्यसलाई कार्यान्वयन पनि गरिरहेका छन् ।

विडम्बना हामीले भने हाम्रो परम्परागत शैलीलाई प्रेम गर्न छाडेका छैनौँ । हामी यसैमा अभ्यस्त हुँदै गएका छौँ । हिजो बाबुबाजेले जुन शैलीले शिक्षा हासिल गरे हामीले पनि त्यही शैली अनुसरण गर्‍यौँ अनि हामीले जुन शैलीमा अध्ययन गर्‍यौँ अहिलेका बालबालिकालाई पनि त्यही शैली पछ्याउन लगाइरहेका छौ । कुनै पनि ज्ञान आर्जन गर्ने शैली समय अनुसार बदलिनु पर्छ । हिजो मान्छे सूचना र ज्ञानले मात्रै विद्वान् कहलिन्थ्यो तर आज आलोचनात्मक र सिर्जनात्मक चेत पनि आवश्यक मानिन्छ । पढेको मान्छेले कहाँ काम गर्न सक्छ र उसले त दिमाग चलाउने भन्ने रूढि मान्यतालाई चिरेर सिप र सिकाइलाई सन्निकट बनाएर अगाडि लैजानु पर्छ ।

हिजोको समाज र आजको समाजका बिचमा कैयौँ परिवर्तन भइसके, नयाँ नयाँ मान्यता स्थापित भइसके तर हामीले शिक्षामा त्यसलाई अझै पनि समावेश गर्न सकिरहेका छैनौँ । आज विद्यालय, पाठ्यपुस्तक र शिक्षक भन्नेबित्तिकै किन विद्यार्थीले रुचि देखाउन छाडेको छ भन्ने बारेमा ख्याल गर्नुपर्ने देखिन्छ । सिकाइ जबसम्म बाध्यता बन्छ, त्यसले विद्यार्थीलाई आकर्षित गर्न सक्दैन तबसम्म यसले लक्ष्य हासिल गर्न सक्दैन । शिक्षालाई हामीले रहर बनाउन सक्नु पर्छ ।

अहिले हाम्रो जीवनशैली प्रविधिमय बन्दै गएको छ । बजारमा सामान किन्नदेखि लिएर विद्युत् पानीसम्मको शुल्क तिर्न प्रविधिको प्रयोग भइरहेको छ । अझ एआईको आगमनसँगै प्रविधिले आफ्नो उपयोगितालाई विस्तारित गर्दै लगेको छ । यसले मानव जीवनलाई सरलतातर्फ दौडाइरहेको छ । प्रविधिको प्रयोग गर्न नजान्ने कुनै पनि मानिस आजको दुनियाँसँग सहज ढङ्गले आफूलाई उभ्याउनसमेत सक्षम हुँदैन । के हाम्रो शिक्षा प्रणालीले यसलाई आत्मसात गरेको छ

त ? हाम्रा विद्यार्थी सानैदेखि प्रविधिको



बारेमा अध्ययन गरिहेका छन् त ? प्राविधिक उपकरणसँग परिचित छन् त ? सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ मा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै लैजाने लक्ष्य लिएको थियो । सोही अनुसार सङ्घ, प्रदेश र स्थानीय तिनै तहको सरकारमार्फत सामुदायिक विद्यालयमा सूचना प्रविधि सामग्री अनुदान दिँदै आएको छ । सूचना प्रविधिको साधन प्राप्त नगरेका नेपालमा कुनै पनि सामुदायिक विद्यालय छैनन् होला । अधिकांश विद्यालयमा व्यवस्थित कम्प्युटर ल्याबका लागि आवश्यक उपकरण प्रदान गरिएको छ तर त्यसको उचित प्रयोग भएको छ या छैन भन्ने प्रश्नकै रूपमा रहेको छ ।

शिक्षा मानव जीवनसँग जोडिएको हुनु पर्छ । यसले हाम्रो जीवनशैलीलाई प्रतिविम्बित गरेको हुन्छ भन्ने मान्यता राखिन्छ । हाम्रा जीवन भोगाइका हरेक कुरासँग जोडिने यस खालको शिक्षालाई व्यावहारिक शिक्षा पनि भनिन्छ । नेपालको शिक्षा व्यवहारभन्दा पनि सिद्धान्त केन्द्रित छ भनेर आलोचनासमेत हुँदै आएको छ । यहाँको ठुलो जनशक्ति विदेश पलायन हुन खोज्नु र यही बसेर केही काम गर्ने प्रयास नगर्नुका पछाडि हामीले अहिलेसम्म अवलम्बन गरिरहेको शिक्षा प्रणाली मूल रूपमा दोषी देखिन्छ । युवा पलायन र शिक्षित बेरोजगारीको विकराल अवस्था आउँदा पनि जिम्मेवार निकायले यसका बारेमा खासै चासो र चिन्ता व्यक्त गरेको देखिँदैन । उनीहरूलाई आफूले अहिलेसम्म गरेको कार्यलाई पुनरवलोकन गर्ने जाँगरसमेत छैन । हामीले प्रदान गर्ने शिक्षाले व्यक्तिको दिमागलाई बलियो बनाउने मात्रै होइन सिप र क्षमताको पनि विकास गर्नु पर्छ ।

विद्यालय तहको शिक्षालाई हेर्ने हो भने अहिले पनि हामीले प्रविधिसँग गतिलो तरिकाले यसलाई जोडेर लैजान सकेका छैनौँ । अहिले पनि यस तहमा अध्यापन गराउने अधिकांश शिक्षकलाई सामान्य कम्प्युटरसमेत चलाउन सक्ने ज्ञान र सिप छैन । विद्यालयमा सूचना प्रविधि सामग्रीको व्यवस्थापन भए पनि त्यसलाई सञ्चालन गर्ने जाँगर देखिँदैन । आजको विद्यार्थीले कक्षाकोठामा किताब पल्टाएर खुरुखुरु शिक्षकले दिएको प्रवचन सुन्नुपर्ने विडम्बनापूर्ण अवस्था छ । युट्युबमा संसारको उच्चतम प्रविधिसम्बन्धी भिडियो हेर्ने विद्यार्थीले कक्षाकोठामा शिक्षकको प्रवचन सुन्ने जाँगर कति गर्न सक्छ ? आज विद्यार्थीले खोजेका हरेक कुरा रोचक भिडियोसहित युट्युबमा सहजै भेटिन्छ तर हामीले उही रटानलाई प्राथमिकता दिन छाडेका छैनौँ ।

मानिसले सोचेको भरमा आफूलाई आवश्यक पर्ने सूचना र ज्ञानप्राप्त गर्न सक्ने विश्वमा अहिले पनि कक्षाकोठामा शिक्षकले सिद्धान्तको रटान लगाउनु वस्तुनिष्ठ मान्न सकिँदैन । अझ विद्यार्थीलाई सिर्जनशील बनाउने भन्दा पनि केवल सैद्धान्तिक कुरा सिकाउनमा हाम्रो शिक्षण पद्धति केन्द्रित छ । यस खालको शिक्षण पद्धतिले आजको समयसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने सामर्थ्य हुँदैन ।

केही समयअगाडि शिक्षा विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले हरेक सामुदायिक विद्यालयमा सूचना प्रविधि विषयसम्बद्ध शिक्षकको दरबन्दी राख्ने बताउनुभयो । अहिलेको समयका लागि यो आवश्यक मात्रै होइन अपरिहार्य नै हो । हाम्रा शैक्षणिक क्रियाकलाप अब सूचना प्रविधिसँग जोडिनु पर्छ । हाम्रा विद्यार्थी अब सूचना र ज्ञान मात्रै होइन कुनै पनि विषयवस्तुका बारेमा विश्लेषण गर्न सक्ने हुनु पर्छ । विद्यार्थीमा त्यो क्षमता वृद्धि गर्न हामीले हाम्रो शिक्षण शैलीलाई बदल्नु पर्छ । विभिन्न समयमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम परिवर्तन गरे पनि त्यो केवल परम्परागत शैलीको देखिन्छ । अब विद्यार्थीको अभिरुचिलाई सम्बोधन गर्ने हो भने आजको विद्यार्थीले के खोजेको छ त भन्ने बारेमा जानकार हुनु पर्छ ।

आजको विद्यार्थीले संसारका उच्चतम प्रविधिको उपयोग गरिरहेको हुन्छ । आजको कक्षाकोठामा अध्यापन हुने कुरा उसले प्रविधिको उपयोग गरेर सहजै थाहा पाउन सक्छ । एआईको दुनियाँमा अझै पनि हामी कक्षाकोठामा प्रवचन शैलीले अध्यापन गराउनु मनासिव हुँदैन । प्रविधिको प्रयोग गरेर विद्यार्थीलाई अन्तर्क्रियात्मक ढङ्गले अध्यापन गराउनु पर्छ । माध्यमिक तहसम्मको शिक्षाको अधिकार अहिले स्थानीय तहमा छ । यो तह भनेको शिक्षाको जग हाल्ने तह हो । यो तहमा हामीले जुन खालको विद्यार्थी उत्पादन गर्दछौँ सोही अनुसार नै विद्यार्थीको भविष्य अगाडि बढ्ने हो । यस कारण समय सुहाउँदो र तत्काल बजारमा बिक्ने र टिक्ने विद्यार्थी उत्पादनका लागि स्थानीय सरकारले विशेष भूमिका वहन गर्ने अवसर छ ।

हामीले सबै शिक्षकलाई प्रविधिसँग जोड्नु पर्छ । शिक्षणमा प्रविधिको प्रयोगलाई अनिवार्य गर्नु पर्छ । हरेक शिक्षकले प्रविधिसँग जोडेर विद्यार्थीलाई अध्यापन गराउनु पर्छ । यसका साथै राज्यले सूचना प्रविधिको पूर्वाधार विद्यालयमा व्यवस्थापन गर्नु पर्छ । हरेक कुरा डिजिटलमय भएको समयमा हामीले कक्षालाई पनि डिजिटलयुक्त बनाउनु पर्छ । शिक्षालाई प्रभावकारी बनाउने हो भने हामीले अहिलेसम्म हिँडेको बाटोलाई बदल्नु पर्छ । हाम्रा विद्यार्थीमा आलोचनात्मक तथा सिर्जनात्मक चेतको विकास हुने गरी शिक्षा प्रदान गर्नु पर्छ ।

# गृहकार्यमा केन्द्रित राजनीति



रामजी दाहाल

भदौ २३-२४ गतेको जेनजी आन्दोलनपछि प्रतिनिधि सभा निर्वाचन गराउने मुख्य प्रयोजनका लागि गठित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचन मिति घोषणा गरेको दुई महिना पूरा हुँदै छ । भदौ २७ मा प्रधानमन्त्री नियुक्त भएपछि प्रतिनिधि सभा विघटन गरेसँगै कार्की नेतृत्वको सरकारले निर्वाचनको घोषणा गरेको थियो । घोषित फागुन २१ गतेको निर्वाचन आउन अब मात्र ११५ दिन बाँकी छ । यो भनेको सामान्य अवस्थामा हुने निर्वाचनका लागि जस्तो पर्याप्त समय होइन । समय पर्याप्त नभए पनि निर्वाचन सम्पन्न गराउने विषयमा खास गरी राजनीतिक दलहरूको भूमिका महत्वपूर्ण हुन जान्छ ।

लोकतान्त्रिक व्यवस्थामा दलहरूको सहभागिता बिना न राजनीतिको परिकल्पना गर्न सकिन्छ, न त निर्वाचनकै विषयमा । त्यस कारण सरकारले निर्वाचन मिति घोषणा गरिसकेको सन्दर्भमा निर्वाचनका लागि तयारी अवस्थामा रहनु दलहरूको राजनीतिक धर्म पनि हो । कुन कुन दल जनतामाझ कतिको लोकप्रिय छन् भन्ने निर्वाचनपछिको परिणामबाटै थाहा हुन्छ । त्यस अर्थमा दलहरूको शक्ति मापन गर्ने प्रमुख आधार भनेकै निर्वाचन हो । त्यसो भए दलहरू तयार भएर मात्र निर्वाचन सम्भव हुन्छ त ? निर्वाचनका लागि त्यतिले मात्र पुग्दैन ।

निर्वाचन मिति घोषणा गर्नेदेखि लिएर त्यसका लागि आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने प्रमुख दायित्व सरकारको नै हुन्छ । लोकतान्त्रिक व्यवस्थामा हुने निर्वाचनको प्रमुख विशेषता भनेकै स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन हो । त्यस कारण सरकारले मतदातामा शान्ति सुरक्षाको प्रत्याभूति गराई स्वतन्त्र, निष्पक्ष र भयरहित ढङ्गबाट निर्वाचन गराउने प्रतिबद्धता जनाएर मात्र हुँदैन, त्यस अनुसार व्यावहारिक कार्यान्वयन पनि गर्नु पर्छ । निर्वाचन आयोगको काम भनेको निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी पूरा गर्नु हो । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनको प्रक्रियागत काममध्ये ६० प्रतिशत काम पूरा गरिसकिएको जानकारी गराउनुले आयोग तयारी अवस्थामा रहेको बुझ्न सकिन्छ । उता, निर्वाचन अयोगमा मङ्गलबार सम्ममा १२५ दल दर्ता भइसकेका छन् । तीमध्ये निर्वाचन घोषणापछि तीन दल दर्ता भएका छन् । आयोगका अनुसार १७ वटा दलको निवेदन विचाराधीन अवस्थामा छ । फागुन २१ को निर्वाचनमा भाग लिन मङ्सिर १ गतेदेखि मङ्सिर १० सम्म दल दर्ता गराइ सक्नुपर्ने हुन्छ । त्यसका लागि सम्बन्धित दलहरूले ३० कात्तिकभित्र दल दर्ताको प्रमाणपत्र लिइसकेको हुनु पर्छ ।

अब निर्वाचनको तयारीका सन्दर्भमा सरोकारवाला सबै पक्ष खास गरी सरकार, दलहरू र आयोगको तयारी र त्यस अनुसारको व्यावहारिक पाटो हेरौँ । जेनजी आन्दोलनपछि हरेक दलहरूमा पुरानो पुस्ताबाट नयाँ पुस्तामा नेतृत्व हस्तान्तरणको दबाब बढेको छ । त्यस अनुसार नेतृत्व हस्तान्तरण हुन सकेको छ त ? जेनजी आन्दोलनका क्रममा घाइते भएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मा दिएर उपचारका लागि सिङ्गापुर जानु भएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्व हस्तान्तरण गर्न अझै पनि तयार देखिनु भएको छैन । अध्यक्ष ओली प्रतिनिधि सभा पुनर्स्थापनाको मुद्दा बोकेर हिँड्नु भएको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गत बुधबार राजधानीको भृकुटीमण्डपमा १० वामपन्थी दलबिच नेपाली कम्युनिस्ट पार्टी घोषणा सभा गर्नु भयो । जसमा एमालेबाट विभाजन भई बनेको माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीबाहेक अरू सबै माओवादी पृष्ठभूमिका साना दल छन् । यो अवस्थामा फागुन २१ मा निर्वाचन होला कि नहोला त भन्ने आशङ्का राजनीतिक भेटघाट र चिया पसलमा गफको विषय बनिरहेकै छ । त्यति मात्र होइन, जेनजी आन्दोलनका कारण मनोबल खस्किएका सुरक्षाकर्मीको मनोबल उस्तै छ । सुरक्षाकर्मी पनि चुनावका बारेमा अन्योल नै छन् । सुरक्षाकर्मी अनि दलका नेताहरूका त्यस्ता अभिव्यक्ति सुन्दा आमसर्वसाधारण झनै अन्योलमा परेका छन् । अनि सञ्चार माध्यम र सामाजिक सञ्जालका भित्ता पनि यस्तै आशङ्का पोतिएका छन् । अर्थात् सहतमा देखिएका यी र यस्ता कुरा सुन्दा चुनावको सुनिश्चितता अझै हुन सकेको छैन कि जस्तो देखिन्छ । त्यसो भए फागुन २१ मा चुनाव हुँदैन त ? वास्तविकता योभन्दा अलि भिन्न खाले हुन्छ कि भन्ने घटनाक्रमबाट अनुमान लगाउन सकिन्छ ।

त्यसो भए दलहरूको तयारी हेरौँ न त । सबैभन्दा ठुलो दल कांग्रेस केन्द्रीय समितिको बैठक पार्टी मुख्यालय सानेपामा जारी छ । बैठकको मूल एजेन्डा १५ औँ महाधिवेशन चुनाव अघि कि पछि गर्ने भन्नेमै छ । केन्द्रीय सदस्यले यस विषयको घनीभूत छलफलमा भाग लिएर आआफ्ना धारणा राख्ने क्रम जारी छ । हो, नाङ्गो आँखाले हेर्दा कांग्रेसको बैठकमा विवाद देखिएको पनि छ । यो आजको दिनको तथ्य हो तर यति भनिरहँदा यो विवाद मूल रूपमा आन्तरिक व्यवस्थापनको विषय मात्र हो । चुनावअघि महाधिवेशन वा चुनावपछि महाधिवेशन भन्ने दुवै खेमाका नेताहरू आन्तरिक रूपमा उम्मेदवारका बारेमा छलफलमा जुटेका छन् ।

अर्कोतिर, एमाले अध्यक्ष ओलीले प्रतिनिधि सभा पुनर्स्थापनाको मुद्दालाई जे जसरी अगाडि बढाउनु भएको छ, त्यो देखावटी मात्र त होइन भन्नेमा आशङ्का एमाले वृत्तमा पनि छ । यसबाट पुनर्स्थापनाको कार्ड फालेर अरूलाई त्यसैमा अलमल्याउँदै आफ्नो पक्षमा चुनावी वातावरण बनाउने ओलीको रणनीति पनि हुन सक्छ । जेनजी पुस्तालाई आफूतिर तान्नका लागि वा आफूसँग भएका जेनजी पुस्ता यो वा त्यो बहानामा नभड्किई आफैँसँग रहोस् भनेर संरक्षण गर्नका लागि एमाले जेनजी समूह नै गठन गरेको छ । अर्थात् जेनजी को मुद्दा सम्बोधन गर्ने नाममा एमालेले भित्रभित्रै चुनावको गृहकार्य गरिसकेको छ ।

माओवादी केन्द्रका अध्यक्ष दाहाल त २०६४ को संविधान सभा चुनावमा हात पारेको सफलतालाई पछिल्लो निर्वाचनको नतिजासँग तुलना गर्दा कम्ती चकित पर्नुभएको छैन होला । गत निर्वाचनमा कांग्रेससँगको गठबन्धनका कारण प्रतिनिधि सभामा तेस्रो शक्ति बन्न पुगेका दाहालले चुनावी परिणामलगत्तै देखाएको अपरिपक्व राजनीतिका कारण यति बेला उहाँ के गरौँ, कसो गरौँको अवस्थामा हुनुहुन्छ । त्यसैले आफू र पार्टीको अस्तित्व रक्षाका लागि उहाँले एमालेबाट विभाजन भएर बनेको एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल समूह र हिजोका दिनमा माओवादी पृष्ठभूमिकै दलहरूलाई एकै मञ्चमा भेला गराएर नेपाली कम्युनिस्ट पार्टी गठन गर्नुभएको छ । माओवादीमा पार्टी एकता गर्ने नेपालको निर्णयप्रति असहमति जनाउँदै केही नेता पुरानै घर एमालेमा फर्कने तयारीमा छन् । १० बर्से माओवादी सशस्त्र युद्धको नेतृत्व गर्नुभएका अध्यक्ष दाहालका लागि माओवादी शब्दप्रति कतिसम्म वितृष्णा जागेको रहेछ भन्ने पार्टीको नाममा माओवादी शब्दको नाम निशानासमेत नभेटिनुबाट पनि प्रस्ट हुन्छ । पार्टीको नामनेपाली कम्युनिस्ट पार्टी राख्नुका पछाडिको मुख्य कारण भनेकै चुनाव भइहालेमा आफ्नो पोजिसन सुरक्षित गर्नु हो । अर्थात् पार्टी एकताका नाममा उहाँले मतदातालाई गोलबद्ध गर्न खोजेको यसबाटै प्रस्ट हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीको चितवनमा सम्पन्न दुई दिने विस्तारित बैठक फागुन २१ को चुनावमा केन्द्रित रहँदै कतिपय मह[illegible]वपूर्ण निर्णय गरेको छ । उसले सरकारलाई निर्वाचनको वातावरण बनाउन आग्रह गर्दै निर्वाचनमा सहभागी हुन सबैलाई आह्वान गरेको छ ।

प्रमुख राजनीतिक दलका यस्ता गतिविधिबाट भित्रभित्रै चुनावी तयारीमा जुटेका उनीहरूले चुनाव हुँदैन भनेर एकले अर्कोलाई अलमल्याउन मात्र खोजेका त होइनन् भन्ने प्रश्न पनि उठेको छ । दलका नेताहरूले एकअर्कालाई अलमल्याउन खोजेको भए पनि आजको दिनमा देशको प्रमुख आवश्यकता निर्वाचन हो भन्ने विषय कसैले पनि भुल्नु हुँदैन । जेनजी आन्दोलनपछि बाटो बिराएको राजनीतिलाई लिकमा ल्याउने लोकतान्त्रिक माध्यम भनेकै निर्वाचन हो ।

# एमाले महाधिवेशन सन्निकटका षडयन्त्रपूर्ण परिदृश्य ?



• प्रा.डा.बद्रीविशाल पोखरेल

नेपालको एक प्रमुख शक्तिशाली पार्टी नेकपा एमालेको ११ औं महाधिवेशन मंसीर २७ गतेदेखि सुरु हुँदैछ । यस पार्टीका अतीत र वर्तमानका गुह्य कुरा यस लेखकलाई थाहा छ तर नोकरशाही जनवादमा अभ्यस्त भएकाले बेलैमा गुप्तगु षडयन्त्र उजागर गर्न सकिएन । जबजलाई गहन रुपमा अध्ययन गरेकाले पार्टीका सकार नकार जनसमक्ष खुल्ला छलफल गर्न पाउने हुनाले तथ्य सत्य यस लेखमा उजागर गरिएको छ । यस लेखलाई सत्य, तथ्य र वास्तविक बनाउन केही दृश्य पहिले उपस्थापित गरिएको छ । म जस्तै एक समय नोकरशाही जनवादमा पूरै अभ्यस्तलाई यस लेखका कुरा अपाच्य हुन सक्छन् तर समय क्रममा लेखमा उल्लेख गरिएका सत्य सबैले बुझ्ने नै छन् ।

**दृश्य नं १**

जननेता मदन भण्डारीले पाचौं महाधिवेशनको पूर्वसन्ध्यामा देशका प्रमुख चार केन्द्रमा अगुवा कार्यकर्ताका बीच सघन बहस सञ्चालन गर्नु भयो । यसरी महाधिवेशन जस्तो विषय खुल्ला वा अर्ध खुल्ला गर्नु हुन्थेन भन्ने कटु टिप्पणी कतिपय नेताहरुले नै गरे । यसको प्रतिक्रियामा मदनले विगत कालको भिन्न परिस्थितिमा जस्तो अब पार्टी चल्नु हुन्न । जनताले पनि थाहा नपाउने गरी गोप्य र अतिगोप्य तरिकाले पार्टीलाई बन्द कोठामा सीमित गर्नुहुन्न । यसरी जनताको पार्टीका महत्वपूर्ण फैसलाका बारेमा जनताले थाहा पाउनु जाती हुन्छ । जनतासित जोडिएको पाार्टी र नेतृत्व मात्र जीवन्त बन्न सक्छ,मदनले भन्नु भयो । उतिबेला महाधिवेशनका कतिपय छलफल बहस नीति सिद्धान्तका दस्तावेज समेत सार्वजनिक गरियो । महाधिवेशनका पूर्वसन्ध्यामा जनताले समेत थाहा पाउने गरी यस खालको बहस कहिल्यै भएको थिएन । अब हुन्छ कि हुँदैन थाहा छैन । यसरी खारिएर निखारिएर मात्र जबज अत्यधिक प्रतिनिधिले जबज पारित गरेका थिए । खुल्ला खुलस्त खालको नेता अनेक दाउपेच र षडयन्त्र गर्दैन आवश्यक पारदर्शी रुपमा नीति,विधि,सिद्धान्त र नेतृत्वलाई अघि सार्छ । त्यति बेला महाधिवेशनमा कसैलै पाखुरा सुर्किएको देखिएन । प्रस्तावहरु पारित गर्न सुरुदेखि अन्त्यसम्म कुनै पनि खाले षडयन्त्र र तिकडम्बाजीको सुइँकोसम्म भएन र पाइएन । तर पनि महाधिवेशनको भव्य र विशाल उद्घाटन सत्रमा पार्टी महासचिव मदन भण्डारीलाई बोल्नसम्म दिएनन् षडयन्त्रकारीले ।

**तथ्य नं २**

सातौं महाधिवेशनमा म पनि प्रतिनिधिमा उम्मेद्वार भएको थिएँ । तर मलाई अनेक तानाबाना बुनेर भाते मुद्दा लगाइयो । आचार्य थरि जिल्ला अध्यक्षले मेरा विरुद्ध अनेक प्रपञ्च रचे । आफू सोझो परियो तर मतदानमा लस्कर लागेकालाई कानमा खुसखुस गरेर भड्काएछन् । यो कुरा थाहा पाएर एकाध शिक्षक,प्राध्यापक र सेवा निवृत्त कर्मचारीले बद्रीसर रातारात बिग्रनु भएको रे भनेर वरिष्ठ शिक्षक लेखनाथ घिमिरेलाई सोधेछन् ।
त्यति बेला ओलीले पार्टी संगठनमा लोकतान्त्रिकरणको दस्तावेज प्रस्तुत गर्ने विषयमा धनकुटाबाट गोपाल गुरागाईं मेरा घरमा आएर एक रात बसे र मेरै घरको फोन सुनसरीका कमरेडसित कुरा गरेका थिए । म भने ओलीको प्रस्ताव गुरागाईको अल्पव्याख्याबाट सन्तुष्ट भएको थिइनँ र समर्थन गरिएनँ तर गुरागाईले एक छाक भात खाएको विषयका आधारमा मलाई भाते मुद्दा लगाइयो । र कहिल्यै फोन नगर्ने जिल्ला सचिवले मलाई एक घण्टा फोन गरे । तर मैले अमुक नेताका पक्षमा अन्धो भएर नलाग्ने उनलाई भनेँ । उनी त्यति बेला ओलीका कट्टर विरोधी रहेछन् । कुराको प्रसंगमा त्यता हुँदा क-कसले के के कुरा गर्छन् मलाई जानकारी दिनू है भनेपछि म छाँगाबाट खसेँ । कस्ताकस्ता निकृष्ट व्यवहार गर्दा रहेछन्, नेताहरु भन्ने थाहा पाइयो ।

**दृश्य नं. ३**

पार्टी केन्द्रका अनुशासन आयोगका अध्यक्ष केशव प्रसाद बडालले आफ्नो सिंहावलोकन नामको पुस्तकको पृ. १११ मा छैटौं महाधिवेशनको कुरुप दृश्य यसरी वर्णन गरेका छन् ,
महाधिवेशनकै हलभित्र पनि अस्वस्थ्य र झडपपूर्ण घटना देखिएको थियो । विदेशी पाहुनाहरुलाई विमानस्थलबाट स्वागत गर्ने जिम्मेवारी भीम रावलको थियो । रावलले महाधिवेशन स्थलमा पाहुनाहरुलाई प्रवेश गराएपछि स्वयंसेवक रुपनारायण श्रेष्ठ लगायतले रावललाई लछारपछार गरेका थिए रावलको सर्टसमेत च्यातिएको थियो ।

**दृश्य नं. ४**

नवौं महाधिवेशनमा मतपेटिका समेत साटेर आफू र आफ्नो समूहलाई हराएको ओली पक्षले बताएको थियो । निर्वाचन आयोगका पदाधिकारी र अधिकांश सदस्य धाँधली गर्नकै लागि तयार गरिएको हुँदो रहेछ । यसो भएपछि जति रोए, कराए र रन्थनिए पनि पार लाग्दो रहेनछ । न्याय दिने दिलाउने नै कोल्टे परेपछि के पार लाग्नु ? सुनसरी जिल्लाका दुई अधिवेशनको निर्वाचनमा चरम धाँधली गरी २-२ पटक खेमराज पोखरेललाई हराएको आफैले नै देखेको छु । मतदान स्थल मछली बजार जस्तो थियो । धाँधलीपूर्ण निर्वाचनलाई समर्थन गर्न केन्द्रीय सदस्यहरु डा.प्रेम दंगाल लगायत आाधा दर्जन सक्रिय र कटिबद्ध थिए । बरालले यसको अगुवाइ गरेका थिए । ओलीकै आदेशमा यस्तो भएको हो भनी नबुझ्ने को होला र ? धरान र इटहरी नगरपालिकाको विगत स्थानीय निर्वाचनको हारको भार पनि शीर्ष नेतृत्वमै जान्छ ।

**दृश्य नं ५**

प्रदीप ज्ञवालीले केही दिनअघि नेतृत्वउपर प्रश्न गरेपछि महाधिवेशनबाट नै त्यसको जवाफ दिनु पर्‍यो भने । यसको आशय नेतृत्व उपर प्रश्न नै गर्नु हुन्थेन भन्ने ज्ञवालीको सार हो । र फेरि जसरी पनि ओलीलाई अध्यक्ष बनाइछाडिन्छ भन्ने भनाइको सार हो ।
महासचिव शंकर पोखरेलले केन्द्रीय कमिटीको बैठकमा चलन चल्तीमा रहेको वर्णानुक्रम विपरीत ज्ञ बाट उठेका नामको नेता हुँदै राय प्रकट गर्ने धारणा राखे । यतिसम्मको कुनियत राख्नेले प्रतिनिधि चयनमा केसम्म गर्न बाँकी राख्लान् र ?
केन्द्रीय कमिटीको बैठकमा आफ्ना पक्षमा ताली पिट्ने र विपक्षलाई हुटिङ गरी मनोवैज्ञानिक रुपमा निल पार्न केन्द्रीय सदस्य बाहेकका जत्था प्रवेश गराइएको थियो । पार्टीलाई जबज अनुसार परिचालित गर्नका लागि आआफ्ना विचार, धारणा र मान्यता राख्ने वरिष्ठ नेताउपर महेश बस्नेत लगायत तत्वहरु परिचालित गरी बदनाम र बेइज्जत गर्ने दुष्प्रयास गरिएको छ ।

अध्यक्ष ओलीले मेरा विरुद्ध लाग्नेले आफ्नो भविष्यबारे बीस पटक सोच्नु भनेका थिए । उनले ,विद्या भण्डारीलाई आफैँले सदस्यता दिएर पनि तथानाम र सफेद झुट बोलिरहेका छन् । पार्टीको संगठनमा लोकतान्त्रिकरणको मुद्दा उठाउने र यसमा किताब नै प्रकाशित गर्ने ओली अहिले ती लगायत अनेक विषयमा विपरीत बोलिरहेका छन् ।

**दृश्य नं. ६**

एक समय महासचिवलाई मात्र पार्टी कार्यक्रममा देश विदेश दौडाहा गराइन्थ्यो र अहिले प्रदीप ज्ञवाली लगायत केही गुटगत नेतालाई मात्र दौडाइने गरेको देखिन्छ । यसरी महाधिवेशनका सम्मुख आफ्नो चरम स्वार्थी गुट दौडाउनुको रहस्य जगजाहेर छ ।

**दृश्य नं. ७**

ओलीले मदन भण्डारी फाउन्डेसनलाई ठगी खाने भाँडो भने तर उनी त्यही संस्थाको प्रमुख संरक्षक भएर लामो समयसम्म बसेका थिए । मदनका बारेमा उनले कटुकटाक्ष गरेका कुरा भन्नै परेन,सबलाई थाहै छ । अहिले जबज र जननेता मदन भण्डारीबारे ओली खासै बोल्न मात्र होइन उच्चारण गर्न पनि चाहिरहेका छैनन् । उनले केही पहिले प्रकाशित अन्नपूर्ण दैनिक पत्रिकामा प्रकाशित आलेख मार्फत् जबज विपरीतको कथित विचार प्रकाशन गरेका थिए ।

**भयावह दृश्य ८**

ओलीले अब महाधिवेशनलाई पूरै पकडमा राख्ने नियतले काम गर्ने आशंका व्याप्त छ । प्रतिनिधि चयन,मनोनयन, स्वयंसेवक छनौट,निर्वाचन मण्डल,अध्यक्ष मण्डल,मतगणक आदि सब क्षेत्रलाई आफू अनुकूल बनाउने छन् । आँ गर्दा अलङ्कार बुझ्नेले यति कुरा सजिलै बुझ्छन् । तथ्य र सत्य हुनेले त्यही अनुसार काम गर्छ नहुनेले षडयन्त्र धाँधली र खुराफात नगरी हुन्न । तर जतिसुकै म मेरा भने पनि तिनै मेरा भनिनेहरु पनि अतिचार हुन थालेपछि भड्किन्छन् । फलामे सिक्रीले टनटनी बाँधिएका दासहरुले विद्रोह गरे भने म जस्ता बाख्रो पाठो झैँ घाँटीमा डोरीको पगाहा लगाएर अर्ध दासहरु यो शताब्दीमा पनि चुप्पै लागेर बस्लान् र ? कुनै पनि बेला कुनै पनि क्षण कार्यकर्ता भड्किएर विरोधमा उत्रिने खतरा देखिन्छ । यो लेखक त चरम र सरम लाग्दो विकृतिका विरुद्ध खुल्ला रुपमा उत्रिनै सकेको छ । १०१ गल्ती गरेपछि शिशुपाल आफैँ समाप्त भएको थियो । अब पापको घडा भरिइसक्यो । यसको अवधि समाप्त हुनै लाग्यो । यसको आयु अब सकिने अवस्थामा देखिन्छ । तर आफैँ सकिएला भनेर हुँदैन कम्तीमा परालको मचानमा सलाइ त का कोर्नै पर्छ आगो सल्काउनै पर्छ ।

# फर्स्ट स्टेपमा आज विशेष शिक्षा मेला

बिर्तामोड(प्रस) । फर्स्ट स्टेप एजुकेशनल कन्सल्टेन्सीले बिर्तामोडमा शीर्ष युनाइटेड किङडमका विश्वविद्यालयका प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट तथा परामर्शका लागि विशेष शिक्षा मेला आयोजना गर्ने भएको छ। मेला आज दिउँसो २ बजेदेखि ५ बजेसम्म बिर्तामोड-पश्चिम लाइनस्थित डा. प्रियंका क्लिनिक नजिक हुनेछ।
मेलामा बीपीपी युनिभर्सिटी, युनिभर्सिटी अफ रोहम्पटन लन्डन तथा युनिभर्सिटी अफ द वेस्ट अफ स्कटल्याण्ड (यूडब्लुएस) का आधिकारिक प्रतिनिधिहरू सहभागी हुने कन्सल्टेन्सीले जनाएको छ। उच्च शिक्षाको तयारी गरिरहेका विद्यार्थीहरूले आफ्नो शैक्षिक योग्यता, रोजाइका विषय र अध्ययन अवसरका बारेमा प्रत्यक्ष रूपमा प्रतिनिधिसँग छलफल गर्न सक्ने व्यवस्था गरिएको छ।
कार्यक्रममा सहभागी विद्यार्थीहरूले तुरुन्तै भर्ना सम्बन्धी मार्गदर्शन, छिटो अफर लेटर प्रक्रिया तथा पाँच हजार पाउण्ड (झन्डै आठ लाख रुपैयाँ) सम्मको छात्रवृत्तिबारे विस्तृत जानकारी पाउनेछन्।
यसका साथै, युनाइटेड किङडममा अध्ययनपछि दुई वर्षको कार्य-अनुमति (पोष्ट-स्टडी वर्क भिसा) पाउने प्रक्रिया, अध्ययन अवधिमा हप्तामा २० घण्टासम्म आंशिक काम गर्ने अवसर तथा बसोबास, खर्च, भिसा तयारीलगायत महत्वपूर्ण विषयमा पनि परामर्श दिइनेछ।

बिर्तामोड क्षेत्रमा विदेश अध्ययनका लागि जान चाहने इच्छुक विद्यार्थीहरूको चाप बढ्दै गइरहेको अवस्थामा सोही मागलाई मध्यनजर गरी विशेष शिक्षा मेला आयोजना गरिएको आयोजक संस्थाले जनाएको छ। कन्सल्टेन्सीले विद्यार्थी तथा अभिभावकहरूलाई समयमै उपस्थित भई आवश्यक जानकारी लिन आग्रह गरेको छ। बिर्तामोडमा हुने यो यूके शिक्षा मेला यस वर्षको सबैभन्दा ठूलो अवसर मानिएको छ।

FirstStep Educational Consultancy Birtamode
17 yrs of Excellence.

# ओमानमा आप्रवासी श्रमिकको अवधि १० वर्ष हुने

झापा(प्रस) । रोयल ओमान प्रहरीले नागरिक अवस्थासम्बन्धी कानुनका कार्यान्वयन नियमावलीका केही प्रावधान संशोधन गर्ने निर्णय गरेको छ ।
उक्त निर्णयअनुसार अब ओमानमा बस्ने नेपालीसहित आप्रवासी श्रमिकको व्यक्तिगत पहिचान कार्ड र आवासीय कार्ड दुवैको अधिकतम अवधि १० वर्ष हुनेछ ।
प्रहरीले जारी गरेको निर्णय अनुसार व्यक्तिगत पहिचान कार्ड १० वर्षका लागि वैध हुनेछ भने आवासीय कार्ड पनि अधिकतम १० वर्षसम्मका लागि जारी गर्न सकिनेछ । यसको श्रेणी र नियन्त्रणसम्बन्धी विवरण प्रहरी महानिर्देशकले निर्धारण गर्नेछ ।
नयाँ निर्णयमा कार्ड र प्रमाणपत्र जारी, नवीकरण र प्रतिस्थापनका लागि लाग्ने शुल्क पनि निर्धारण गरिएको छ ।
रोयल ओमान प्रहरीका अनुसार कार्डधारकहरूले आफ्नो कार्डको म्याद समाप्त भएको ३० दिनभित्र अनिवार्य रूपमा नवीकरण गर्नुपर्नेछ । समयमै नवीकरण नगर्ने व्यक्तिलाई सम्बन्धित कानुनअनुसार कारबाही गरिने चेतावनी दिइएको छ ।

नयाँ प्रावधानले प्रशासनिक प्रक्रिया सहज बनाउने र नागरिक पहिचान प्रणालीलाई आधुनिक र दीर्घकालीन बनाउने उद्देश्य राखिएको बताइएको छ ।

# नेपाली कम्युनिस्ट पार्टीमा ३५ सदस्यीय सचिवालय

झापा(प्रस) । कात्तिक १९ गते १० वाम दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीले केन्द्रदेखि स्थानीय तहसम्म नेताहरूको व्यवस्थापनका लागि कार्यदल बनाउने भएको छ । काठमाडौंमा भएको एकता घोषणा सभाले संयोजकमा पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजकमा माधवकुमार नेपाललाई निर्वाचित गरेको थियो । निर्वाचन आयोगमा दल दर्ता प्रक्रियामै रहेकाले केही दिनमै कार्यदल बनाएर समायोजन प्रक्रिया अगाडि बढाउने नेता हरिबोल गजुरेलले जानकारी दिए । शनिबार पेरिसडाँडामा बसेको पार्टी एकता कार्यदलसहित शीर्ष नेताहरूको बैठकले उच्च तहकै नेतृत्वमा कार्यदल बनाएर जाने समझदारी भएको गजुरेलले बताए । उनका अनुसार नेता झलनाथ खनालको नेतृत्वमा कार्यदल बन्न सक्ने सम्भावना रहेको छ ।
'केन्द्रदेखि स्थानीय तहसम्म नेताहरूको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा गृहकार्य चलिरहेको छ । एउटा उच्चस्तरीय समायोजन



कार्यदल बनाउने तयारी भइरहेको छ । सबै पार्टीबाट समेटेर १०/१५ जनाको कार्यदल बनाउने भन्ने छ । तर निष्कर्षमा पुगेको छैन', उनले भने ।
दैनिक कार्य सम्पादनका लागि ३५ जना आसपासको सचिवालय बनाउने तयारी भएको उनले जानकारी दिए । पूर्व नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीका पदाधिकारी रहनेछन् । एकता प्रक्रियामा आएका अन्य दलका पदाधिकारीलाई के गर्ने भन्ने विषय छलफलकै क्रममा रहेको गजुरेलले बताए । एकता अगाडि प्रदेश, जिल्ला, पालिका र वडा तहसम्मै एक दलको संयोजक भएमा अर्को दलले सहसंयोजक रहने समझदारी भएको नेताहरूले बताएका थिए । एकतापछि कति जनाको केन्द्रीय समिति बनाउने भन्नेमा पनि कुनै निष्कर्षमा नपुगेको उनले बताए । स्रोतका अनुसार पूर्वप्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा उच्चस्तरीय कार्यदल बनाउने सम्भावना रहेको छ ।
यता वार्ता टोली सदस्य समेत रहेका नेता प्रकाश ज्वालाले आइतवारसम्म दल दर्ता प्रक्रियामै रहेकाले समायोजन प्रक्रियामा प्रवेश नै नगरेको जिकिर गरे । अहिलेसम्म वार्ता टोलीबाट नै सबै प्रक्रिया अगाडि बढाइरहेको उनले बताए । तल्लो तहसम्म एकता र समायोजनका लागि एक उच्चस्तरीय कार्यदल बनाउने विषयमा छलफल भइरहेपनि निष्कर्षमा नपुगेको ज्वालाले बताए ।
उनले भने, 'हिजोसम्म निर्वाचन आयोगमा दल दर्ता प्रक्रियामै अल्झिएकाले व्यवस्थापनको विषयमा छलफल हुन सकेको छैन । केन्द्रदेखि स्थानीय तहसम्म समायोजन र व्यवस्थापन कसरी गर्ने भन्नेमा भोलिसम्म केही टुंगो लाग्ला ।'
केन्द्रीय समितिको संख्या करिब दुई हजार नजिक रहने नेताहरूले बताएका छन् । त्यही अनुसारको पोलिटब्युरो, स्थायी समिति बनाउने सम्बन्धमा छलफल भइरहेको उनीहरूको भनाइ छ । केन्द्रमा ३५ सदस्यीय कोर टिम, एक सय हाराहारीको स्थायी समिति वा कुनै समिति बन्न सक्ने ज्वालाले बताए ।

यस्तै एमालेका पूर्वउपाध्यक्ष डा. भीम रावल कात्तिक २७ गतेसम्म एकता प्रक्रियामा आउने नेताहरूले बताएका छन् । मातृभूमि जागरण अभियानका संयोजक समेत रहेका रावललाई आफ्ना सहयोगीसँग छलफल गर्न दुई/तीन दिनको समय दिएकाले आन्तरिक छलफलमा रहेका छन् । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी पनि एकतामा आउन सकारात्मक रहेको ज्वालाले बताए ।

'पार्टी एकतामा आउनका लागि जसपा पनि सकारात्मक देखिएको छ । केन्द्रीय समिति बैठकबाट निर्णय गर्छौं भनेका छन् । सायद केही दिनमै निर्णय आउला', उनले भने ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर
वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरूको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।
वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ